# गाउँपालिकाको दीर्घकालीन सोच (नारा) संसोधन सम्बन्धी प्रस्ताव

अध्यक्ष महोदय,

अध्यक्षज्यूको अनुमतिले बगनासकाली गाउँपालिकाको दीर्घकालीन सोच (नारा) लाई संशोधन सम्बन्धी प्रस्ताव प्रस्तुत गर्दछु ।

नेपालको संविधान २०७२ बमोजिम संघियता कार्यान्वयनसँगै स्थापना भएका ७५३ वडा स्थानीय तहहरुमध्ये यो गाउँपालिका पनि एक हो । संविधान प्रदत अधिकारको परिधिमा रही आफ्नो गाउँपालिकाको कामकारबाहीलाई थप व्यवस्थित गराउनका लागि मार्गदर्शक नीति बनाउने सक्ने व्यवस्था रहेको छ । सोही बमोजिम हामीले पनि स्थापनाकाल देखि नै **"सुन्दर, शान्त, समृद्ध र सभ्य बगनासकाली गाउँको सारः आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार"** भन्ने दीर्घकालीन मार्गदर्शक सोचतय गरी सोही अनुसार हालसम्म सम्पूर्ण कामकाजहरु भइरहेको व्यहोरा यहाँहरुलाई सर्वविदितै छ ।

सभा अध्यक्षज्य, हालसम्म अवलम्बन गरिएको उक्त सोचलाई समय सापेक्ष रुपमा संशोधन गर्न आवश्यक भएको हुँदासाविकको दीर्घकालीन सोच (नारा) लाई **"समृद्ध बगनासकाली गाउँको सारः समग्र विकासको दिगो आधार"** भन्ने दीर्घकालीन नीतिको सोच बनाउनका लागि संशोधन प्रस्ताव पेश गर्दछु ।

धन्यवाद

## विशेष समयको प्रयोग

## बगनासकाली १ घोरबन्दाको झाडापखाला सम्बन्धमा ।

मिति २०७९/०८/१७ गते बगनासकाली १ घोरबन्दा स्थित बुढाखन्डेमा विवाह भोजमा प्युठानबाट आएका जन्ती सहित माइती पक्षका भोजमा खाना खाएका अधिकांशलाई (सरदर २४ घण्टा पछि) २०७९ मंसिर १८ गते साझ देखि पेट दुख्ने, ज्वरो आउने,जिउ दुख्ने,पखाला लाग्ने तथा बान्ता समेत भई गम्भिर जलबियोजनको अवस्था समेत भएको थियो । टोलभरीका बिरामी भए पश्चात बगनासकाली गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, म, वडा सदस्य सहितका जनप्रतिनिधी, स्वास्थ्य शाखा, स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरु घरघरमा गएर १०१ विरामीको उपचार र औषधी बितरण गर्ने कार्य भएको थियो भने युनाइटेड मिसन अस्पतालमा ३९ जनालाई उपचार गरिएको थियो भने विरामी भएका सम्पुर्णको उपचारखर्च बगनासकाली गाउँपालिकाले व्यहोर्ने भएको छ । उक्त घटनाले राष्ट्रिय स्तरमा चासो राख्दै स्वास्थ्य मन्त्रालय,स्वास्थ्य सेवा बिभाग, सरुवा नियन्त्रण महाशाखा,लुम्बिनी प्रादेसिक अस्पतालका, स्वास्थ्य कार्यालय पाल्पावाट रोग नियन्त्रणका लागि आवश्यक सहयोग भएको र खानेपानी, खानपानका कारण बगनासकाली गाउँपालिका कार्यालय नजिकै भएको यस खाले घटनाले सम्पुर्णमा नागरिकमा स्वास्थ्य प्रति सवैको जनचासो बढेको र आगामी दिनमा नागरिकमा चेतनाको स्तर वृद्धि गर्दै स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउदै गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज, सुलभ र समान पहुँचको सुनिश्चता गर्नेपर्नेतर्फ यस सभाको ध्यान आकर्षण गराउदछु ।

**प्रस्तावक**
शेर बहादुर चिदी
सभा सदस्य
चिर्तुङ्गधारा, पाल्पा ।

# शून्य समयको प्रयोग

## रानीघाट क्षेत्र व्यवस्थापन तथा आन्तरिक राजस्व बृद्धी सम्बन्धमा ।

सभा अध्यक्ष्यज्यू,

उत्तर वाहिनी नदी कालिगण्डकीको तटमा अवस्थित नेपालकै ऐतिहासिक गौरब बोकेको नेपाली ताजमहल भनेर परिचित सांस्कृतिक धरोहरानीमहल दरबार परिसर प्रवेश गर्ने आगन यस बगनासकाली गाउँपालिका वडा नं. ७ खानीगाउँ अन्तर्गत रानीघाट क्षेत्रमा पर्दछ भने तानसेन नगरपालिका वडा नं. ११ मा यो दरबार क्षेत्र मात्र पर्दछ। उत्कृष्ट नमूनाको रूपमा रहेको यस स्मारकले नेपालको पर्यटकीय क्षेत्रमा एउटा गरिमामय पहिचान राखेको छ । लुम्बिनी प्रदेशको दोस्रो पर्यटकीय क्षेत्रको रुपमा स्थापित रानीमहल दरवार अबलोकनका लागि आउने सबै पर्यटकहरुलाई रानिमहलको आगन लगायत बगनासकाली गाउँपालिका ७ नं. वडा खानीगाउँको करीब २५ रोपनी ( १३००० वर्ग मिटर) भन्दा बडी सार्बजनिक जग्गामा अनुमतिविना विगत लामो समयदेखि स्थानीय तथा बाह्य मानिसहरूले अव्यबस्थित रुपमा व्यबसाय संचालन गरि व्यबस्थापन गरेको कुरा हामी सवै जानकार नै छौ । यसरी अव्यवस्थित रुपमा व्यवसाय संचालन गर्दा पर्टकहरुको आवस्यकता परिपूर्ती त भएको छ तर पर्यटकहरु अनावश्यक सास्ती र अत्याधिक महङ्गी व्यहोर्नु परेको छ।

सभा अध्यक्ष्यज्यू,

पाल्पा जिल्लामै न्युन आय भएका गाउँपालिका मध्ये एक गाउँपालिका हाम्रो भएता पनि अघिल्लो सरकारले त्यसतर्फ यथेष्ट ध्यान पुर्याउन नसकेको पनि विदितै छ। म यहि विषय उठान गर्दैछु । संघियता अभ्यासको दोस्रो स्थानीय सरकारले राजश्व सुधार योजना बनाई एक ब्यवसायी वाट वार्षिक रु १२,०००।- र पार्किङ्ग टेण्डर १,२०,०००।- लिने निर्णय गरी यस क्षेत्र वाट जम्मा रु १,४४,०००।- मात्र राजश्व संकलन भएको छ । तर यतीले मात्र हामी खुशी रहन सकीएन त्यसैले सो क्षेत्रको सम्भाव्यता अध्यनका लागि हामी गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रवक्ता, म र कर्मचारी साथीहरु समेतको टोली केही दिन पहिले रानीमहल क्षेत्रमा अनुगमन गरी विना अनुमती अब्यवस्थित रूपमा संचालित टेण्टहरु हटाउन ब्यबसायीहरुलाई अनुरोध गरेकाछौ । यस अनुगन

वाट हाम्रो सार्वजनिक जग्गा २५ रोपनी भन्दा माथी रहेको निस्कर्ष सहित रानीघाट क्षेत्र व्यवस्थापन योजना वनाई आन्तरीक राजश्वमा फड्को मार्ने सोच बनाएका छौ । तर हामीले यसरीयोजना बनाईदै गर्दा हामी संग सार्वजनिक जग्गा उपयोग तथा व्यवस्थापनका लागि आवश्यक कानुन नभएकोले सो कानुन र सार्वजनिक जग्गा बर्गिकरण (पार्किङ्ग, ब्यबसायीक, पिकनिक आदी क्षेत्र) योजना निर्माणका लागि यस सभाको ध्यान आकर्षण गराउदछु । साथै सोहि क्षेत्रमा संचालित र्यासफ्टिङ्ग व्यवसाय प्रर्वधनको लागि र्याकफ्टिङ्ग कार्यविधि पनि वनाईयोस यस तर्फ पनि ध्यानआकर्षण गराउन चाहान्छु ।

प्रस्तावक
गण बहादुर बुडाथोकी
सभा सदस्य
खानीगाउँ, बगनासकाली, पाल्पा